नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
Ext: १००१
फ्याक्स: ०१-४५११३९१
पो.ब.नं.४०७
लाजिम्पाट, काठमाडौं

पत्र संख्या:१-०१-१८-२०८१/०८२
प्रा.प.सं. :

मिति: २०८१/०८/१० गते।
ने.सं.: ११४५ कछलागा १०, सोमबार

**प्रेस विज्ञप्ती- १०**

**"अभौतिक (Crypto) मुद्रा कारोबार तथा संगठित अपराध मुद्दा" मा संलग्न व्यक्तिहरु पूर्पक्षको लागि कारागार चलान भएको !!!**

विदेशी नागरीकहरुले नेपाली नागरीकहरुको समेत मिलेमतोमा जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. १३ एकान्तकुना, एकतावस्ती स्थित जगदिश उपाध्यायको तीन तले घर भाडामा लिई Call Center संचालन गरी नेपाली युवा युवतीहरु लाई धेरै रकम आम्दानी हुने प्रलोभन देखाई गैहकानुनी रुपमा काममा लगाई अभौतिक (Crypto) मुद्रा कारोबार गरी रहेको छ भन्ने बिशेष सूचनाको आधारमा यस केन्द्रिय अनुसन्धान ब्यूरोबाट मिति २०८१/०५/२६ गते खटी गएको प्रहरी टोलीले तीन जना विदेशी नागरीकहरु सहित जम्मा ५० जना व्यक्तिहरुलाई Call Center मा अपराध गर्न प्रयोग गरिएका कम्प्यूटर, मोबाईल लगायतका ईलेक्ट्रोनिक्स उपकरणहरु सहित नियन्त्रणमा लिईएकोमा, प्रारम्भिक अनुसन्धानको क्रममा सो कल सेन्टरबाट Hingee, Bumble, Muslima, Inshaaaah, Salam, Muzz, Okcupid, Alkhattba लगायतका Dating apps हरुमा बिदेशी महिलाको फोटो Profile picture को रुपमा प्रयोग गरी युरोप, अमेरिका र क्यानडा लगायतका विभिन्न देशहरुका पुरुष ब्यक्तिहरुलाई साथी बनाई घनिष्ट मित्रता कायम गरी Online Platform Hashpack मार्फत Binance, Trust Wallet लगायतका बिभिन्न Digital Wallet हरुमा अमेरिकी डलर जम्मा गरी सो मार्फत गैहकानूनी अभौतिक मुद्रा (Crypto Currency) मा लगानी गर्न लगाई सो को कारोबार समेत संचालन गर्ने Call Center को रुपमा कार्य गर्ने गरेको खुल्न आएको। पक्राउ गरिएका विदेशी नागरीक सहितका नेपाली व्यक्तिहरु केही समय अगाडी संयुक्त अरब ईमिरेट्स (Dubai) मा सोही प्रकृतिको कारोबारमा समेत संलग्न भएको अभियोगमा पक्राउ परी सम्बन्धित देशहरुमा फिर्ता (Deport) भएकोमा निजहरु पुन: नेपालमा एकिकृत भई कल सेन्टर खोली अभौतिक मुद्रा (Crypto) को कारोबार गरेको हुँदा "मुलुकी अपराध संहिता, २०७४ (संशोधन सहित) परिच्छेद ७ (क) दफा २६२ (क) 'अभौतिक मुद्राको प्रयोग गर्न नहुने र संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा मुद्दा दर्ता गरी प्रभावकारी रुपमा अनुसन्धान सम्पन्न पश्चात चिनिया नागरिक LIN QINGJIN, DING JIAHONG र फिलिपिनी नागरिक HANIPA SINSUAT APAYART तथा नेपाली नागरिक कमल कंडेल समेतका ३६ जनालाई प्रतिवादी बनाई निजहरुले कल सेण्टर संचालन गरी गरेको अभौतिक (Crypto) मुद्रा कारोबारको अधिकतम रु. रु.१०,३४,९३,५४९.०५ (अक्षरुपी दश करोड चौतिस लाख त्रियानब्बे हजार पाच सय उनानपचास रुपैया पाच पैसा) सम्मको बिगो मागदावी गरी अदालतमा मुद्दा दायर भएकोमा सम्मानित ललितपुर जिल्ला अदालतको मिति २०८१/०८/०९ गतेको आदेशले चिनिया नागरिक LIN QINGJIN, DING JIAHONG र फिलिपिनी नागरिक HANIPA SINSUAT APAYART मुद्दाको पूर्पक्षको लागि कारागार चलान भएको र अन्य प्रतिवादीहरुलाई धरौटीमा छाडेको व्यहोरा जानकारीको लागि अनुरोध।

**प्रवक्ता एवं सूचना अधिकारी**
**होबिन्द्र बोगटी**
**(प्रहरी उपरीक्षक)**
**सम्पर्क नं.: ९८५१२९१३११**